नेपाल सरकार

# राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

कीर्तिपुर, काठमाण्डौ

## <u>सन्दर्भः २९ औं राष्ट्रिय चिया दिवस</u>

२०८२ बैशाख १५

पत्रकार मित्रहरू,

नेपाल सरकार राष्ट्रिय चिया तथा कफी विकास बोर्डको आयोजनामा भोलि मिति २०८२ बैशाख १५ गते ***"स्वस्थ चिया, दिगो बजार, समृद्ध नेपालको आधार!"*** मूल नाराका साथ हामी २९ औं राष्ट्रिय चिया दिवस हर्षोल्लासका साथ मनाउँदै छौं। माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीज्यूको प्रमुख आतिथ्तामा कृषि विभाग, हरिहरभवनमा आयोजना हुने २९ औं राष्ट्रिय चिया दिवसको मूल समारोहमा नेपालका विभिन्न जिल्लाहरूमा उत्पादन हुने चिया एकै ठाउँमा चाख्न पाइने छ। यहाँहरू सबैलाई उक्त कार्यक्रममा सहभागी भई नेपाली चियाको आन्तरिक बजार प्रवर्द्धनमा मिडिया क्षेत्रको तर्फबाट योगदान गर्नुहुन आह्वान गर्दछु।

चिया एउटा पेय पदार्थ मात्रै होइन । नेपालको सन्दर्भमा चिया संस्कार हो, स्वस्थ जीवन एवं समृद्ध नेपालको आधार हो । चिया कृषकको बगान देखि कपसम्म आउँदा चियाले विभिन्न चरणहरू पार गर्छ, जसबाट हजारौंले आफ्नो रोजिरोटी कमाइरहेका छन् । पछिल्ला दिनहरूमा बजारीकरणको पाटोमा केही चुनौतीहरूको सामना गर्नुपरे तापनि ग्रामिण स्तरसम्म रोजगारी सिर्जना गर्ने देखि विदेशी मुद्रा आर्जन गर्नसम्ममा नेपाली चियाले देशको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलिरहेको छ । मुलुकको व्यापारघाटा चुलिंदो अवस्थामा चिया क्षेत्रले देशको अर्थतन्त्रमा अतुलनिय योगदान पुर्याइरहेको छ ।

बोर्डको आ.व. २०८०/८१ को तथ्याङ्क अनुसार नेपालमा कुल २०,७६० हेक्टर जमिनमा चिया रोपण गरिएको छ भने अस अवधीमा २ करोड ७० लाख केजी तयारी चिया उत्पादन भएको छ । नेपालमा १५,२०३ जना चिया कृषकहरू, १७१ वटा टि स्टेट र साना मझौला गरी १२० वटा चिया प्रशोधन केन्द्रहरूमार्फत करिब ६०,००० रोजगारी सिर्जना गरेको छ । विभिन्न चुनौतीहरूका बावजुत पनि चिया कृषक, मजदुर, सहकारी, उद्योगी/व्यवसायी, सरोकारवाला संघसंस्थाहरू एवं विशेष गरी निजी क्षेत्रको अथक प्रयासका कारण नै आज नेपाली चियाले विश्व बजारमा आफ्नो दरिलो उपस्थिति एवं पहिचान देखाउन सफल भएको छ ।


भन्सार विभागको पछिल्लो तथ्याङ्क अनुसार यस आ.व. २०८०/८१ मा १ करोड ६५ लाख केजी चिया निर्यात गरेर नेपालले ३ अर्ब ६३ करोड रुपैयाँ वैदेशिक मुद्रा आर्जन गरेको छ । चालु आ.व. २०८१/८२ को चैत्र मसान्तसम्मको अवस्थामा नै नेपालले ३ अर्ब ५७ करोड रुपैयाँ बराबरको चिया निर्यात गरिसकेको छ । यस सिजनको पहिलो टिपाइ (first flush) भखरै सुरु


भएको हुंदा यस आ.व.मा चियाको निर्यात ४ अर्ब ५० करोडको हाराहारीमा पुग्ने अनुमान गर्न सकिन्छ।

आगामी दिनहरूमा बोर्डले चियामा थप लगानी आकर्षण गर्दै चियालाई पर्यटनसँग जोड्ने, अर्गानिक प्रमाणिकरणमा सहयोग गर्ने र startups support program अन्तर्गत युवा तथा महिला उद्यमीहरूलाई चियामा आकर्षण गर्ने गरी कार्यक्रमहरू सञ्चालन गर्ने छ । आसा छ, थुप्रै चुनौतीहरूका बावजुत पनि नेपाली चिया क्षेत्रमा २९ औं राष्ट्रिय चिया दिवसले नयाँ जोश र हौसला दिँदै अवसरका नयाँ ढोकाहरू खोल्नेछन् । धन्यवाद ।

## नेपाली चियाको उत्पादन, रोपण, आयात, निर्यात सम्बन्धी पछिल्लो तथ्याङ्क

| Fiscal year | Export | | Import | | Plantation (ha) | Production (Kg) |
|---|---|---|---|---|---|---|
| | Export Qty (Kg) | Export Value (Rs..,000) | Import Qty (Kg) | Import Value (Rs..,000) | | |
| 2075/76 | 15,043,796 | 3,203,908 | 343,349 | 117,731 | 28,732 | 25,205,885 |
| 2076/77 | 11,185,198 | 2,782,841 | 218,629 | 77,397 | 16,901 | 24,118,250 |
| 2077/78 | 11,920,736 | 3,797,140 | 346,806 | 151,312 | 16,917 | 23,745,902 |
| 2078/79 | 12,494,252 | 3,434,350 | 203,713 | 83,645 | 20,237 | 26,379,493 |
| 2079/80 | 16,594,913 | 3,937,266 | 277,575 | 129,179 | 20,230 | 26,401,942 |
| 2080/81 | 13,916,034 | 3,625,012 | 44,318 | 37,830 | 20,760 | 26,983,175 |
| 2081/82 till Chaitra | 13,023,312 | 3,573,007 | 71,714 | 56,279 | - | - |




फाइन्द्र राज पाण्डे<br>
कार्यकारी निर्देशक<br>
राष्ट्रिय चिया तथा कफी विकास बोर्ड